मधेश भूमी दैनिक
सम्पर्क नं.
९८१९२३२७६४
९८२११४९२३५
९८४५२५४२६४
विज्ञापनको लागि मात्र

जि.प्रशा.का.रौ.दर्ता नं. १०१
जि.हु.का.रौ.दर्ता नं.४/०७९/०८०

MADHESH BHUMI DAILY

# मधेश भूमी दैनिक

www.madheshbhuminews.com

प्रारम्भिक शिक्षा नै बालबालिकाको शिक्षाको आधार हो ।
GAUR ACADEMY
GAUR, RAUTAHAT
तपाई आफ्नो बच्चाको उज्जवल भविष्यको लागि हामी सँग सम्पर्क गर्नुस्
गौर वडा नं. ३, रौतहट
सम्पर्क नं.: ९८४५२५४२६४ र ९८४५४९६९८१

बर्ष १ | २०८० माघ २२ गते सोमबार | 5 February 2024 Monday | मूल्य ५/- | पृष्ठ सङ्ख्या ४ | अंक २६७

## गढीमाई नगरपालिकाको दशौं हिउँदे नगर अधिवेशन सम्पन्न

राजकुमार यादवः माघ २१ । रौतहट । रौतहटको गढीमाई नगर पालिकाको दशौँ नगर सभा तथा हिउँदे अधिवेशन विभिन्न निर्णय गर्दै आयोजित एक कार्यक्रमबीच आईबार नगरपालिकाको सभा हलमा सम्पन्न भएको छ ।

नगर प्रमुख श्याम प्रसाद यादवको अध्यक्षतामा सम्पन्न अधिवेशनबाट ११ वटा विभिन्न महत्वपूर्ण निर्णयहरु सर्वसमतीले पारित गरिएको छ ।



अधिवेशनले आर्थिक वर्ष २०७९/८० मा भुक्तानी हुन बाँकी रहेका सम्पन्न योजना र कार्यक्रमहरुको रकम यस चालु आर्थिक वर्षमा भुक्तानी गर्ने निर्णय गरेको हो । विभिन्न शीर्षकहरुमा रहेको रकम अन्य शिर्षकहरुमा र कमान्तर गरी बाँकी योजनाको रकम भुक्तानी गर्ने, नगरसभाले पारित गर को विभिन्न योजनाहरु फेरबदल गर्ने लगाएतका निर्णय पारित गरिएको नगर प्रमुख श्याम प्रसाद यादवले जानकारी दिएका हुन् ।

प्रशासकीय कार्यविधि (नियमित गर्ने) विधेयक, नगर प्रहरीको संचालन र व्यवस्थापन गर्न विधेयक, स्थानीय उद्योग व्यवसाय दर्ता, नविकरण, व्यवस्थापन र नियमन गर्ने विधेयक, गत आ.व. २०७९ /८० को भुक्तानी हुन बाँकी रहेको योजना/कार्यक्रमहरुको रकम भुक्तानी गर्ने सन्दर्भमा नगर कार्यपालिकाले गठन गरेको अनुगमन समितिले सिफारिस गरेको सम्पन्न योजनाको भुक्तानी गर्न नगर कार्यपालिकाको कार्यालयलाई अधिकार प्रदान गर्ने प्रस्ताव पारित गरिएको छ ।

त्यस्तै यस नगरपालिकामा विभिन्न पदमा करार सेवामा कार्यरत कर्मचारीहरुको करार सम्झौता रद्द गरि नगर कार्यपालिकाको सेवा प्रवाह प्रभावकारी बनाउन तत्काल आवश्यक्ता र औचित्यका आधारमा दैनिक ज्यालादारीमा कामकाज गराउने निर्णय पारित गरिएको छ ।

नगर कार्यपालिकाको बहुमत सदस्यहरुद्धारा उक्त ११ वा विभिन्न निर्णयहरु सर्वसम्मत ढंगले पारित गरिएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्रीदेव यादवले बताएका छन् ।

प्रत्येक स्थानीय तहले नगरसभाबाट पारित योजना र कार्यक्रमहरु फेरबदल गर्न तथा एक शीर्षकबाट अर्को शीर्षकमा रकम रकमान्तर गर्न तथा अन्य आवश्यक निर्णयहरु गर्न नगर सभा गरेको ६ महिना भित्रमा हिउँदे अधिवेशन गर्नसक्ने प्रावधान छ ।

सोही प्रावधानलाई टेकेर गढीमाई नगरपालिकाले आईतबार आफना दशौं हिउँदे अधिवेशनद्धारा विभिन्न योजनाहरु संशोधन गर्नुको साथै रकम समेत रकमान्तर गरेको हो ।

उक्त कार्यक्रममा मेशिनरी तथा औजार मर्मत सम्भार तथा संचालन खर्च ३० लाख , विविध खर्च १५ , भैपरी आउने चालू खर्च ५ लाख , वडा १ देखी ९ सम्म वडा व्यवस्थापनमा ३५ लाख ,मसलन्द तथा कार्यालय सामाग्री १५ लाख , संचार महसुल तथा ईन्टरनेट ५ लाख , महिला स्वयमसेविकाहरुको मासिक भत्ताका लागि १० लाख , पदाधिकारी भ्रमण खर्च ५ लाख , न्यायिक समितिको संचालन/व्यवस्थापनका लागि ५ लाख ,पानी र विजुलीका लागि १० लाख , चालू साझेदारी कोष मेडपा र पोषणमा ५/५ लाख गरी १० लाख कुल रकम चुल तर्फ १ करोड ४५ लाख रकमान्तर गरेको छ ।

नगर अधिवेशनमा कार्यपालिकाको बहुमत सदस्यहरुको उपस्थिती रहेको थियो । रौतहटमा अझै अधिकांश स्थानीय तहले हिउँदे अधिवेशन सम्पन्न गर्न सकेका छैनन ।

## जलेश्वर कारागारमा क्षमताभन्दा बढी कैदीबन्दी

जलेश्वर (रासस), २१ माघ : जिल्ला सदर मुकाम जलेश्वरस्थित कारागार मा क्षमताभन्दा तीन गुणा बढी कैदीबन्दी राखिएका छन् । जलेश्वर नगरपालिकाको वडा नं १ स्थित सो कारागारमा दुई सय कैदीबन्दी राख्ने क्षमता भएपनि छ सय दुई राखिएका छन् । जलेश्वर कारागार कार्यालय महोत्तरीका प्रवक्ता रवीनचन्द्र ठाकुरले कारागारभित्रका कैदीबन्दीमा विभिन्न समस्या उत्पन्न हुन थालेको बताउनुभयो ।



विसं १९१३ मा एक बिघा क्षेत्रफलमा निर्माण भएको दशकौँ पुराना सो कारागारको भौतिक संरचना पनि जीर्ण बनेको जनाइएको छ । उहाँले कार ागारमा हाल ३८ विदेशी (भारतीय) सहित छ सय दुई कैदीबन्दी बस्दै आएका बताउनुभयो ।

लामो समयदेखि मर्मतसम्भार नहुँदा कारागारमा वर्षाका समयमा पानी चुहिने, गर्मीको समयमा अत्यधिक गर्मी हुने र जाडोको बेला अत्यधिक जाडो भएर कैदीबन्दीको बसाइ कष्टकर हुने गरेको जनाइएको छ । अहिले कैदीबन्दीलाई सुत्ने, बस्ने, खाने तथा शौचालय र पानीको समेत समस्या हुन थालेको चौकीदार चनरदीप यादवले बताउनुभयो । ती कैदीबन्दीका लागि कारागारभित्र केवल २४ कोठा, १५ शौचालय, सात ह्याण्डपाइप (कल) र छ धारामात्रै छन् । यसले कैदीबन्दीको दैनिक जीवनलाई प्रभावित बनाएको छ ।

उहाँले कोठा अभावमा कठ्याङ्ग्रिँदो जाडोमा धेरै कैदीबन्दीलाईबाहिर सुत्नुपर्ने , शौचालय जान पालो कुर्नुपर्ने, नुहाउन र पानी लिनका लागि लाइनमा बस्नुपर्ने तथा खुला आकाशमुनि खाना खानुपर्ने बाध्यता रहेको गुनासो गर्नुभयो ।

उहाँले रुघाखोकी, भाइरल ज्वरो लगायतका कैदीबन्दीको जीवन प्रभावित (बाँकी २ पेजमा )

## मधेश प्रदेश सभाको छैटौँ स्थापना दिवस विभिन्न कार्यक्रम सहित मनाइयो

जनकपुरधाम । मधेश प्रदेश सभाको छैटौँ स्थापना दिवस विभिन्न कार्यक्रम सहित मनाइएको छ । प्रदेश सभा सचिवालयको परिसरमा आयोजित प्रदेश सभाको छैटौँ स्थापना दिवस समारोह समितिको उद्घाटन मधेश प्रदेशका प्रमुख हरिशंकर मिश्र तथा मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादवले संयुक्त रुपमा गर्नुभएको थियो ।



कार्यक्रममा प्रदेश प्रमुख मिश्रले प्रदेश सभामा जनताको पक्षमा प्रदेश सरकार तथा सरोकारवाला अन्य निकायहरूको ध्यानाकर्षण गर्दै आउनुभएका नेकपा एमाले संसदीय दलका उपनेता दिपेन्द्र ठाकुरलाई उत्कृष्ट प्रदेश सभा सदस्य तथा उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारीहरूमध्ये जानकी प्रसाद साहलाई दोसल्ला, कदर पत्र तथा नगद सहित सम्मानित गर्नुभएको थियो ।

कार्यक्रममा मधेश प्रदेशका प्रदेश प्रमुख हरिशंकर मिश्रले जनताको ठूलो सङ्घर्ष तथा बलिदानबाट प्राप्त भएको सङ्घीयतालाई बलियो बनाउनुको कुनै विकल्प नभएको बताउनुभयो ।

मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादवले प्रदेश सरकारले मधेश प्रदेशको विकासलाई प्राथमिकतामा राखेर सुशासनलाई ध्यानमा राखेर काम अगाडी बढाएको बताउनुभयो ।

उहाँले प्रहरी समायोजन तथा निजामती कर्मचारीको समायोजनसहित सङ्घीयतालाई बलियो बनाउनका लागि प्रधानमन्त्री गम्भीर रहेको बताउँदै प्रधानमन्त्री ज्यूको अध्यक्षतामा माघ २४ गते हुने अन्तर प्रदेश बैठकले ठोस निर्णय लिने आशा व्यक्त गर्नुभयो ।

नेपाली काँग्रेसका संसदीय दलका नेता तथा प्रदेश सरकारको भौतिक पूर्वाधार विकासमन्त्री कृष्ण प्रसाद यादवले सङ्घीयतालाई थप बलियो बनाउनका लागि दलहरूका बीचमा अझै एकता तथा सहकार्यको आवश्यकता भएको बताउनुभयो ।

नेकपा एकीकृत समाजवादी पार्टीका संसदीय दलका नेता तथा प्रदेश सरकारका भूमि व्यवस्था कृषि तथा सहकारीमन्त्री गोविन्द बहादुर न्यौपानेले कृषि मन्त्रालयले किसानको पक्षमा काम गरिरहेको बताउँदै मन्त्रालयले योजना वितरण गर्ने काम बन्द गरेको बताउनुभयो ।

प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका संसदीय दलका उपनेता दिपेन्द्र ठाकुरले (बाँकी २ पेजमा )

## संसदीय भुमिका थप प्रभावकारी बनाउने जनमतको निर्णय

काठमाडौं । जनमत पार्टीले संसदीय भूमिकालाई थप प्रभावकारी बनाउने निर्णय गरेको छ ।

पार्टी केन्द्रीय कार्यालयमा बसेको पार्टीको सचिवालय बैठकले संसदीय भूमिकालाई थप प्रभावकारी बनाउने निर्णय गरेको हो ।



सोमबारको देखि संसद्को हिउँदे अधिवेशन सुरु हुँदैछ ।

जनमतले बैठकमा समसामयिक र ाजनीतिको समीक्षा गर्दै संसदीय भूमिकालाई प्रभावकारी बनाउने विषयमा छलफल गरेको हो ।

बैठकमा पार्टीका संगठन र वडा अधिवेशनको बारेमा समेत छलफल भएको छ ।




रमणिय वातावरण भएको रौतहट जिल्लाको एक मात्र सुविधा सम्पन्न होटल
तराई इन होटल
इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरको अगाडी
हाम्रा सेवाहरू
चपुर भ्यु प्वाइन्ट, रूफटप रेस्टुरेन्ट, सेल्फी प्वाइन्ट, स्टेज प्रोग्राम, वर्थडे, एनिभरसरीका लागि लिफ्टको सुविधा भएको, सरकारी तथा गैर सरकारी संस्थाका लागि कार्यकम गर्न हलहरूको प्रयाप्त सुविधा भएको ।
अतः सेवाको लागि हामीलाई सम्झनुहोस ।
सम्पर्क नं. ०५५-५४०६००, ०५५-५४०७५५ र ९८२०९२८७०४

प्रियान्सु पुस्तक पसल
गौर, रौतहट
हाम्रा सुविधाहरूः
१. यहाँ कक्षा १ देखि १२ सम्मका सामुदायिक (सरकारी) तथा संस्थागत (बोर्डीङ्ग) स्कुलका पुस्तकहरू पाइन्छ ।
२. त्रिभुवन विश्वविद्यालय अन्तर्गत बि.एड., बि.बि.एस. र बि.ए. का पुस्तकहरू पाइन्छ ।
३. सिटीइभिटी अनतर्गतका एच.ए., डिप्लोमा अप कम्प्युटर, अमिन, भेटनरी, आइ.टी. जस्ता कार्यक्रमको पुस्तकहरू पाइन्छ ।
४. शिक्षक सेवा आयोग र लोक सेवा आयोग सित सम्बन्धित सबै पुस्तकहरू पाइन्छ ।
५. खेलकुदका सामग्री लगायत स्टेशनरी सम्बन्धि सम्पुर्ण सामग्रीहरू पाइन्छ ।
प्रोपाइटर
राधेश्याम पंडित (९८४५५२७३७०)

प्रकाशक : शिला कुमारी
सम्पादक : सुरेश कुमार वर्मा
समाचार प्रमुख : देवेन्द्र प्रसाद यादव
कानुनी सल्लाहकार : अधिवक्ता आफताब आलम
व्यवस्थापक : सुबाश मंडल
चन्द्रपुर प्रतिनिधी : सरोज मिश्रा
पर्सा प्रतिनिधी : रामजी राय यादव
कम्प्यूटर सेटिङ्ग : राहुल पाण्डेय
कार्यालय : गौर नगरपालिका वडा नं. ३, रौतहट
मुद्रक : सोना अफसेट प्रेस गौर, रौतहट
सम्पर्क नं. -९८४५४९६२८२/९८१९२३२७६४
इमेल : madhesabhumi@gmail.com

# आदिवासी जनजातिको ज्ञान र सीपबाट राष्ट्रिय आय बढाउन पहल गरिनेछ : प्रधानमन्त्री

**काठमाडौँ (रासस), २१ माघ :** प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले आदिवासी जनजातिको ज्ञान र सीपलाई संरक्षण एवं प्रवर्द्धन गरी राष्ट्रिय आय वृद्धि गर्न पहल गरिने बताउनुभएको छ। आदिवासी जनजाति आयोगको तेस्रो स्थापना दिवसका अवसरमा आइतबार आयोजित कार्यक्रममा प्रधानमन्त्रीले आदिवासी जनजातिको साँस्कृतिक सम्पदालाई 'युनेस्को'मा अभिलेखन एवं आदिवासी जनजातिको अन्तर्राष्ट्रिय श्रमसम्बन्धी महासन्धि कार्यान्वयन गर्नका लागि सरकारले यथासम्भव पहल लिने स्पष्ट पार्नुभयो ।

आदिवासी जनजाति आयोगमा साधनस्रोतको कमी रहेको, ऐनमा व्यवस्था भएबमोजिम प्रादेशिक कार्यालय स्थापनामा ढिलाइ भएको भन्ने विषयमा आफू जानकार रहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले जनसङ्ख्याको अनुपातमा नीति निर्माणको तहमा आदिवासी जनजातिहरूको प्रतिनिधित्व हुन नसकेका विषयमा नेपाल सरकारको तर्फबाट आवश्यक पहल हुनेमा विश्वास व्यक्त गर्नुभएको उहाँको सचिवालयले जनाएको छ ।

प्रधानमन्त्रीले आदिवासी जनजाति समुदायमाथि तत्कालिन राज्यसत्ताले गरेको विभेद र उत्पीडनविरूद्ध आदिवासी जनजाति समुदायले आफ्नो पहिचान र प्रतिनिधित्वका लागि गरेको सङ्घर्ष र बलिदानको परिणाम आदिवासी जनजाति आयोगको व्यवस्था भएको उल्लेख गर्नुभयो ।

प्राप्त उपलब्धि सामान्य मेहनत र सङ्घर्षबाट प्राप्त नभएको उल्लेख गर्दै प्रधानमन्त्रीले सामन्ती तथा एकात्मक सत्ताले विभिन्न वर्ग, जाति, क्षेत्र, लिङ्ग र समुदायमाथि गरेको दमन र उत्पीडनका विरूद्ध हजारौं योद्धाको र गत पसिना र लाखौं जनसमुदायको सङ्घर्षबाट आजका उपलब्धिहरु प्राप्त भएको स्मरण गर्नुभयो ।

आदिवासी जनजाति आयोगको भूमिका महत्त्वपूर्ण रहेको उल्लेख गर्दै प्रधानमन्त्रीले आदिवासी जनजाति




समुदायको सङ्घर्ष र विद्रोह, पहिचान र प्रतिनिधित्वका साथै उनीहरूको ज्ञान र सीपको संरक्षण र प्रवर्द्धन गर्दै आन्तरिक राष्ट्रियतालाई सुदृढ गरी स्वतन्त्र, स्वाधीन र समुन्नत राष्ट्र निर्माणको सङ्कल्पसहित आयोग स्थापना भएको बताउनुभयो ।

आयोगका अध्यक्ष रामबहादुर थापा मगरले आदिवासी जनजाति समुदायको उत्थान तथा प्रवर्द्धनका लागि आयोगले सरकारसँग समन्वयकारी भूमिका निर्बाह गर्दै आएको बताउनुभयो। उहाँले सो समुदायको सांस्कृतिक, भाषिक, धार्मिक, राजनीतिक, शैक्षिक विकास तथा उनीहरुको परम्परागत ज्ञान र सीप विकासका लागि विशेष नीति तथा कार्यक्रम तर्जुमा आवजश्यक रहेको आवश्यकता औँल्याउनुभयो ।

अहिले पनि निजामति सेवामा प्रभावकारी प्रतिनिधित्व हुन नसकेको तथा आयोगले सरकारलाई गरेको सिफारिस प्रभावकारी कार्यान्वयन नभएको भन्दै अध्यक्ष थापामगरले समावेशी सिद्धान्तको पूर्णरुपमा कार्यान्वयन हुनुपर्नेमा जोड दिनुभयो । सो अवसरमा आयोगले प्रकाशन गरेको अदिवासी जनजाति अध्ययन (विज्ञसमीक्षित वार्षिक शोधपत्रिका) प्रधानमन्त्री दाहालले विमोचन गर्नुभएको थियो । सोही अवसरमा आयोगको स्थापनामा भूमिका खेल्ने आयोगका प्रथम सचिव तथा हाल अध्यागमन विभागका महानिर्देशक रुद्रसिंह तामाङ, आदिवासी जनजातिसम्बन्धी अध्ययनको विषय समावेश गरेको योगदानको कदर गर्दै काठमाडौँ विश्वविद्यालयलाई कदर पत्रद्वारा सम्मान गरिएको थियो । त्यसैगरी आयोगका निमित्त सचिव कृष्णप्रसाद तिमिल्सिनालाई पनि सम्मान गरिएको थियो ।

कार्यक्रममा उपसभामुख इन्दिरा राना, संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किराती, सहरी विकासमन्त्री सीता गुरुङ, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री रन्जिता श्रेष्ठ, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री अनिता देवी, संवैधानिक आयोगका प्रमुखहरुलगायतको उपस्थिति थियो ।

विस २०७७ साल माघ २१ गते आयोग स्थापना भएको दिनलाई आयोगले हरेक वर्ष स्थापना दिवस मनाउदै आएको छ । नेपालको संविधानको धारा १६१ मा आदिवासी जनजाति आयोगको व्यवस्था गरिए बमोजि आयोग गठन भई आदिवासी जनजाति आयोग ऐन, २०७४ अनुसार आयोगले आदिवासी जनजातिको अधिकार संरक्षण, संवर्धन र प्रवर्द्धनका लागि विभिन्न कार्यक्रम गरिरहेको आयोगले जनाएको छ ।

# काठमाडौँ-तराई द्रुत मार्ग निर्माणलाई निर्धारित समयमै सम्पन्न गर्न निर्देशन

**काठमाडौँ (रासस), २१ माघ :** उपप्रधानमन्त्री एवं रक्षामन्त्री पूर्णबहादुर खड्काले काठमाडौँ-तराई द्रुत मार्ग निर्माणलाई निर्धारित समयमै सम्पन्न गर्न निर्देशन दिनुभएको छ। साथै उहाँले रक्षामन्त्रालय र नेपाली सेनाअन्तर्गत सञ्चालित विकास कार्यक्रम तथा आयोजनामध्ये अधिकांश आयोजनाको प्रगति सन्तोषजनक रहेको बताउनुभएको छ ।



आइतबार रक्षा मन्त्रालयमा भएको चालु आर्थिक वर्षको दोस्रो त्रैमासिक समीक्षा बैठकमा उहाँले अधिकांश योजनाको प्रगति सन्तोषजनक रहेको र काम हुन नसकेका कार्यक्रमलाई चालु आवको बाँकी अवधिमा थप मेहनत गरी लक्ष्य हासिल गर्न सम्बन्धित आयोजना प्रमुखहरूलाई निर्देशन दिनुभयो ।

उपप्रधानमन्त्री खड्काले नेपाली सेनाको व्यवस्थापनमा निर्माण भइरहेको काठमाडौँ-तराई द्रुत मार्ग निर्माणलाई निर्धारित समयमै सम्पन्न गर्न सम्बन्धित प्राविधिकहरूले स्थलगत अनुगमन र निरीक्षण बढाउनुपर्ने बताउनुभयो । उहाँले आयोजनामा प्रयोग भइरहेका निर्माण सामग्रीको नियमित परीक्षण गरी सोको आधारमा गुणस्तरीय देखिएका निर्माण सामग्रीको प्रयोगलाई मात्र स्वीकृति दिनुपर्नेमा जोड दिनुभयो ।

साथै उहाँले अन्तर-निकाय समन्वय सुदृढ गरी मन्त्रालय अन्तर्गतका विकास आयोजनाको कार्यान्वयनमा देखिएका समस्या तथा चुनौतीलाई सम्बोधन गर्दै अघि बढ्न निर्देशन दिनुभयो ।

उपप्रधानमन्त्री खड्काले नेपाली सेनालाई जिम्मेवारी दिइएका कतिपय सडक आयोजनामा न्यून बजेटका कारण नेपाली सेनाको जनशक्ति र उपकरणको क्षमताभन्दा कम उपयोग भइरहेकोले रणनैतिक महत्वका सडक तथा विकास आयोजना पर्याप्त बजेट व्यवस्था गरी नेपाली सेनाको क्षमता र उपकरणको पूर्ण उपयोग गर्न आवश्यक रहेको उल्लेख गर्नुभयो । उहाँले समीक्षा बैठकलाई औपचारिकता निर्वाह गर्ने कार्यमा मात्र सीमित नराखी विकास आयोजनाको कार्यान्वयनमा रहेका बाधा व्यवधानलाई सम्बोधन गर्ने गरी सञ्चालन गर्न र समस्याको निराकरणका लागि आवश्यक र कार्यान्वयन योग्य उपायहरू पहिल्याइ आयोजना कार्यान्वयनलाई गति दिन आवश्यक रहेको कुरामा जोड दिनुभयो ।

त्यस अवसरमा रक्षा मन्त्रालयका सहसचिव बाबुराम अधिकारीले मन्त्रालय र नेपाली सेनाअन्तर्गत चालु आवको दोस्रो त्रैमासिक अवधिमा सञ्चालित विकास आयोजना तथा कार्यक्रमरेमा प्रस्तुतीकरण राख्नुभएको थियो । रक्षा मन्त्रालयका सचिव किरणराज शर्माले सबै आयोजना प्रमुखलाई निर्धारित समयमै लक्ष्य बमोजिमको प्रगति र माइलस्टोन हासिल गर्न निर्देशन तथा बेरुजु फर्छ्यौटलाई प्राथमिकतामा राखी कार्य गर्नुपर्नेमा जोड दिनुभयो ।

राष्ट्रिय योजना आयोगका सदस्य डा रामकुमार फुयाँलले विकास आयोजनामा खानी तथा नदीजन्य निर्माण सामग्रीको उपयोग गर्ने कुरा झन्झटिलो भएकाले यसलाई सहजीकरण गर्दै विकास आयोजनाका लागि आवश्यक कच्चापदार्थ स्थानीय तबरमा सहज रूपमा उपलब्ध हुने व्यवस्था मिलाउन आवश्यक भएको बताउनुभयो । उहाँले विकास निर्माणलाई गति दिन जग्गा प्राप्ति र रुख कटान लगायतका विषयलाई आवश्यक सहजीकरण गर्दै अघि बढ्न आवश्यक रहेको विचार व्यक्त गर्नुभयो। भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव केशवकुमार शर्माले काठमाडौँ-तराई मधेस द्रुतमार्ग आयोजनालगायत विभिन्न सडक करिडोरको प्रगति सन्तोषजनक रहेको कुरा बताउनुहुँदै हुम्लाको सदरमुकामलाई यसै वर्ष राष्ट्रिय सडक सञ्जालमा आबद्ध गर्ने गरी नेपाली सेनाले प्रशंसनीय ढङ्गले काम गरिरहेको कुरा बताउनुभयो ।

प्रधानसेनापति प्रभुराम शर्माले नेपाली सेनाअन्तर्गत सञ्चालित आयोजनालाई निर्धारित लागत, समय र तोकिएको गुणस्तरमा सम्पन्न गर्न नेपाली सेना कटिबद्ध रहेको बताउनुभयो ।

बैठकमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय तथा राष्ट्रिय योजना आयोगलगायतका पदाधिकारीको सहभागिता थियो ।

## छैटौँ स्थापना दिवस......

सङ्घीयतालाई बलियो बनाउनका लागि प्रदेश सरकारको कामले जनतामा परिवर्तन भएको अनुभूति गराउने किसिमले हुन जरुरी रहेको बताउनुभयो ।

सभापतिको आसनबाट मधेश प्रदेशका सभामुख रामचन्द्र मण्डलले संघीयतलाई बलियो बनाउने गरि प्रदेश सभा तथा प्रदेश सरकार मिलेर काम गर्दै जानुपर्ने धारणा राख्नुभयो ।

कार्यक्रममा उपसभामुख बविता राउत ईसर, नेकपा माओवादी केन्द्रका माला कर्ण, लोकतान्त्रिक समाजवादी पार्टी नेपालका उपनेता उपेन्द्र महतो, जनमत पार्टीका अनिता साह, नेपाल संघीय समाजवादी पार्टीका प्रदेश सभाका सदस्य विमला अन्सारी, नागरिक उन्मुक्ति पार्टीका उर्मिला देवी सिंह, वार्षिकोत्सव मूल समारोह समितिका संयोजक कञ्चन विच्छा, जिल्ला समन्वय समिति धनुषाका प्रमुख राजनन्दन मण्डल, जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोज कुमार साह र धनुषाका प्रमुख जिल्ला अधिकारी चक्रपाणि पाण्डेसहितका वक्ताहरूले बोल्नुभएको थियो ।

प्रदेश सभाले कक्षा १२ सम्मका विद्यार्थीहरूका लागि आयोजना गरिएको संघीयतासम्बन्धी निबन्ध प्रतियोगितामा प्रथम हुने सरस्वती माध्यमिक विद्यालय जनकपुरधामका कक्षा ९ का छात्रा प्रेरणा अधिकारी, द्वितीय हुने पर्साका कक्षा १२ का छात्र आदित्य जयसवाल र तृतीय हुने मिटका कक्षा ११ का छात्र आशिष कर्णलाई नगद, शिल्ड तथा प्रमाणपत्र प्रदेश प्रमुख तथा मुख्यमन्त्रीले प्रदान गर्नुभयो ।

कार्यक्रममा प्रदेश सभाका महिला सदस्यहरूका बीचमा भएको म्युजिकल प्रतियोगितामा विजयीहरूलाई पनि प्रशंसा पत्रसहित सम्मानित गरिएको थियो । कार्यक्रममा विभिन्न प्रकारको सांस्कृतिक कार्यक्रमहरू पनि प्रदर्शन गरिएको थियो ।

प्रदेश सभा स्थापना भएपछिको ६ वर्षको अवधिमा प्रदेश सभाको पहिलो तथा दोस्रो कार्यकालमा गरेर आर्थिक, विनियोजन विधेयक सहितका ५८ वटा विधेयक पारित भएको प्रदेश सभा सचिवालयले जानकारी दिएको छ । स्थापनाकाल देखि हालसम्ममा २ सय ७५ वटा बैठक प्रदेश सभाको बसेको छ। बैठक अवधि ३ सय ८६ घण्टा ३१ मिनेट ५६ सेकेन्डसम्म चलेको प्रदेशसभा सचिवालयले जानकारी दिएको छ ।

पहिलो कार्यकालमा ०७४ माघ २१ गते पहिलो बैठक जनकपुरधाम उद्योग वाणिज्य सङ्घमा बसेको प्रदेशसभाको पहिलो कार्यकाल २०७९ असार ३२अन्तिम बैठक बस्दा प्रदेशसभाको ९ वटा अधिवेशन भएका थिए। ९ वटा अधिवेशनमा २ सय २८ वटा बैठक बसेको थियो ।

दोस्रो कार्यकालमा २ वटा अधिवेशनमा ४७ वटा बैठक बसेको प्रदेशसभा सचिवालयले जनाएको छ । पहिलो कार्यकालमा प्रदेशसभाको ९ वटा अधिवेशनमा २२८ वटा बैठक बस्दा कुल ३ सय ११ घण्टा १८ मिनेट ५६ सेकेन्ड प्रदेशसभा सञ्चालन भएको थियो ।

दोस्रो कार्यकालको पहिलो वर्षमा भने प्रदेशसभाको २ वटा अधिवेशनमा ४७ वटा बैठक बस्दा प्रदेश सभाको बैठक ७५ घण्टा ३१ मिनेट चलेको प्रदेशसभा सचिवालयले जानकारी दिएको छ । प्रदेश सभाको दोस्रो कार्यकालमा प्रदेश सभाको बैठक तुलनात्मक रुपमा कम चलेको छ ।

## जलेश्वर कारागारमा......

बनेको चौकीदार यादवले बताउनुभयो । उहाँका अनुसार कारागारमा २० गम्भीर प्रकृतिका बिरामी र अन्य विभिन्न स्वास्थ्य समस्या भएका कैदीबन्दी ठाउँ अभावका कारण सँगै खान, बस्न, सुत्न बाध्य छन् ।

हिउँदमा शीतलहर, चिसो हावा र कठ्याङ्ग्रिँदो जाडोको प्रत्यक्ष मारमा पर्छ भने वर्षा सुरु भएपछि पानी चुहिने र जम्नुको साथै ठूलो वर्षापछि बाढीको चपेटमा समेत पर्ने गरेको जनाइएको छ। सहरी विकास तथा भवन निर्माण विभागले जलेश्वर कारागार कैदीबन्दी बस्न अयोग्य भएको प्रतिवेदन नै बुझाएको बताइएको छ ।

जीर्ण भौतिक संरचना, क्षमताभन्दा बढी कैदीबन्दीको चाप, स्वस्थ्य खाद्यान्न तथा पानी आपूर्तिको अभाव, नियमित र स्तरीय स्वास्थ्य जाँचको अभाव, खेलकुद तथा मनोरञ्जनको अभावजस्ता समस्याका कारण विभिन्न रोगको समस्या बढ्दै गएको कारागार सुधार सम्बन्धी विगतमा गठित विभिन्न समितिको प्रतिवेदनमा उल्लेख छ । कारागार ऐन, २०१९ मा रोगी, थुनुवा वा कैदीलाई छुट्याई छुट्टै राख्नुपर्ने, पागल वा अर्धपागल थुनुवा वा कैदीलाई छुट्याई छुट्टै राख्नुपर्ने व्यवस्था रहेको छ ।

**बालबालिकालाई अनिवार्य विद्यालय पठाऔं, शिक्षा दिएर असल नागरिक बनाऔं ।**

**धुम्रपान स्वास्थ्यको लागी हानिकारक हुन्छ ।**

**गाउँ नगर टोल छर छिमेक सफा राखौं। प्रदुषणबाट हुने रोगबाट आफु पनि बचौं अरुलाई पनि बचाऔं । - परोहा नगरपालिकाद्वारा जनहितमा जारी सन्देश**

## स्वास्थय, शिक्षा र जीवनशैली समाचार

# सरकारी शुल्कमा निजीमा क्यान्सर उपचार




चितवन (रासस), २१ माघ : चितवन मेडिकल कलेजले सञ्चालनमा ल्याएको 'सिएमसी क्यान्सर इन्स्टिच्यूट'ले सरकारले तोकेको शुल्कमै क्यान्सरको उपचार गर्दै आएको छ । अस्पतालले सरकारले तय गरेको सरकारी शुल्कमै सबै खालका उपचार, परीक्षण र रेडियोथेरापी लगायतका सेवा दिएको हो ।

इन्स्टिच्यूटका रेडिएसन अङ्कोलोजिष्ट डा सुवास ठाकुरका अनुसार अस्पतालमा ब्राकी थेरापी, रेडिएसन, केमो थेरापी र शल्यक्रिया सेवा उपलब्ध छन् । यी सबै सेवा नेपाल सरकारले तोकेको शुल्कमा गरिँदै आएको ठाकुर ले बताउनुभयो । इन्स्टिच्युटमा क्यान्सर का बहिरङ सेवा, अन्तरङ्ग सेवा, रेडियोथेरापी, केमो थेरापी, ब्राकी थेरापीलगायतका सेवा रहेका छन् ।

दैनिक एक सय जनासम्मलाई रेडियसन (सेक्ने) सेवा दिन सकिने गरी रेडिएसन लिन्याक एक्सिलेरेटर जडान गरिएको उहाँको भनाइ छ । डा ठाकुरले भन्नुभयो, "हामीकहाँ रेडियोथेरापीलगायत कुनै पनि उपचार र परीक्षणका लागि पालो कुर्नुपर्ने झन्झट हुँदैन ।" महिनौं पालो पर्खनुपर्दा क्यान्सर झन फैलिनसक्ने भन्दै उहाँले पत्ता लागेपछि नियमित उपचारमा लैजाने बताउनुभयो ।

उहाँले थप्नुभयो,"रेडियोथेरापी गर्नुपरे आज योजना बनाएर भोलि नै गरिहाल्छौँ ।" उहाँले एक/दुई महिनाअघि गरेको योजनाका आधारमा रेडियो थेरापी गर्दा योजनाभन्दा अन्यत्र क्यान्सर फैलिनसक्ने खतरा रहने बताउनुभयो । क्यान्सर इन्स्टिच्युटमा भारत, अमेरिका र चीनमा क्यान्सर उपचारमा काम गरेका अनुभवी विशेषज्ञ चिकित्सक रहेको अस्पतालका प्रमुख कार्यकारी निर्देशक प्रताप देवकोटाले बताउनुभयो ।

रेडियसनसँगै ब्राकी थेरापी, स्पेक्ट सिटी स्क्यान, बोनम्यारो प्रत्यारोपण, बाल क्यान्सरको उपचारसहित सबै खालका क्यान्सरको उपचारका लागि आवश्यक अत्याधुनिक उपकरण ल्याइसकिएको उहाँले जानकारी दिनुभयो । अस्पतालमा एमआरआई, सिटीस्क्यान, मेमोग्राम, स्पेक्टसिटी, बोन स्क्यानर, इण्डोस्कोपी, भिडियो एक्सरे, एक्सरे, ईसिजि, क्याथल्याब, ए ग्रेडको प्रयोगशाला, आईसियू, एनआईसियू, सिसियू रहेका छन् ।

यहाँ बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा नेपाल र भारतका सीमा क्षेत्रबाट बिरामी आउने गर्दछन् । बिरामीको उच्च चापका कारण पालो कुर्नुपर्ने हुन्छ । पालो नपाएर राजधानी काठमाडौं र भारत लगायतका देशमा पुग्नुपर्ने बाध्यता रहेका बिरामी निजी क्षेत्रमा यही उपचार पाएका हुन् ।

# सामाजिकमा सबैभन्दा बढी प्रतिस्पर्धा




**काठमाडौं**-माध्यमिक तहको खुला विज्ञापनमा अनिवार्य सामाजिक विषयमा सबैभन्दा बढी प्रतिस्पर्धा हुने भएको छ । चैत ३ मा परीक्षा गर्ने गरी शिक्षक सेवा आयोगले ४ सय ४२ पदको लागि विज्ञापन गरेकोमा ४२ हजार ६ सय ४३ जनाले दर्खास्त दिएका छन् । यसमा सबैभन्दा बढी सामाजिक विषयमा प्रतिस्पर्धा हुने भएको हो । सामाजिकमा ५३ पदको लागि ७ हजार ६ सय ४६ जनाले अथार्त १ सय ४४ गुणा बढीले आवेदन दिएका छन् । त्यस्तै नेपालीमा ६७ पदको लागि ९ हजार ६ सय ३८ जना अथार्त १ सय ४३ गुणा बढी आवेदन परेको छ । तेस्रो प्रतिस्पर्धा हुने विषय हो अंग्रेजी । अग्रेजीमा ७९ पदको लागि विज्ञापन भएकोमा १० हजार ६ सय १६ जनाले अथार्त १ सय ३४ गुणाले दर्खास्त दिएर प्रतिस्पर्धा गर्ने भएका छन् । लेखामा पनि १५ पदको लागि विज्ञापन भएकोमा १ हजार ८ सय ८७ जनाले अथार्त १ सय २५ गुणा भन्दा बढी दर्खास्त परेको छ । गणितमा विज्ञापन भएको ८५ पदको लागि ५ हजार ७ सय अथार्त ६७ गुणा बढी दर्खास्त परेको छ । विज्ञानको सबैभन्दा बढी विज्ञापन १ सय २४ पदमा भएको थियो । यी पदको लागि ६ हजार ५ सय ३७ जना अथार्त ५२ गुणा बढी मात्रै दर्खास्त परेको छ । सबैभन्दा कम प्रतिस्पर्धा संस्कृति व्याकरणमा हुने भएको छ । ३ जनाको विज्ञापन भएकोमा २५ जनाको मात्रै दर्खास्त परेको छ ।

अनिवार्य नेपालीमा मधेसमा नेपालीको ४ पदको लागि ४ सय ३७ जनाले दर्खास्त दिएका छन् । गण्डकीमा २१ पदको लागि २ हजार ७ सय ८९ जनाले दर्खास्त दिएका छन् । कोसीमा २२ पदको लागि सबैभन्दा बढी २ हजार ८ सय ६६ जनाले दर्खास्त दिएका छन् । वाग्मतीमा ८ पदको लागि १ हजार १ सय २९ जना, लुम्बिनीमा ५ पदको लागि १ हजार २३ जना, कर्णालीमा ६ पदको लागि १ हजार ६ जनाले आवेदन दिएका छन् । त्यस्तै सुदूरपश्चिममा खुला तर्फ १ पदमा विज्ञापन गरेमामा ३ सय ८८ जनाले दर्खास्त हालेका छन् ।

त्यस्तै अंग्रेजी विषयमा ७९ पदमा विज्ञापन निकालेमा १० हजार ६ सय १६ जनाले दर्खास्त दिएका छन् । माध्यमिक तर्फ सबैभन्दा बढी प्रतिस्पर्धा अंग्रेजी विषयमा हुने देखिएको छ । कोसी प्रदेशमा २३ पदको लागि २ हजार ९ सय ७७, मधेसमा २ सिटको लागि २ सय ९५ , बाग्मतीमा १७ पदको लागि २ हजार २ सय ८५, गण्डकीमा १५ पदको लागि २ हजार ८० ले दर्खास्त दिएका छन् । लुम्बिनीमा ५ पदको लागि ९ सय १२ जना, कर्णालीमा ८ पदको लागि सात सय ७३ जना र सदुर पश्चिममा ९ पदको लागि १ हजार २ सय ९४ जनाले दर्खास्त दिएका छन् । गणितमा ८५ पदमा विज्ञापन भएको छ । आयोगमा यो पदको लागि प्रतिस्पर्धा गर्न ५ हजार ७ सय जनाले दर्खास्त दिएका छन् । गणित शिक्षकको लागि कोसीमा २३ पदको १ हजार ३ सय ६६ जनाले दर्खास्त दिएका छन् । मधेस प्रदेशमा २ पदको लागि विज्ञापन भएकोमा १ सय ७९ जनाले आवेदन दिएका छन् । वाग्मतीमा २१ पदको लागि विज्ञापन भएकोमा १ हजार ४ सय ७९ जनाले दर्खास्त हालेका छन् । गण्डकीमा २५ पदको लागि विज्ञापन भएकोमा १ हजार ३ सय ५४ जना, लुम्बिनीमा १० पदको लागि विज्ञापन भएकोमा ९ सय २ जनाले जनाले दर्खास्त दिएका छन् । कर्णालीमा १ जनाको पदमा १ सय ३० र सुदूर पश्चिममा ३ पदको लागि विज्ञापन भएकोमा २ सय ९० जनाले दर्खास्त दिएका छन् ।

अनिवार्य विज्ञानमा १ सय २४ पदमा विज्ञापन भएकोमा ६ हजार ५ सय ३७ जनाले आवेदन दिएका छन् । कोसीमा २७ पदमा १ हजार २ सय ८४, मधेसमा ८ पदमा ३ सय २२, वाग्मतीमा २१ पदमा १ हजार २ सय ७७, गण्डकीमा ३१ पदको लागि १ हजार ५ सय ४० जनाले दर्खास्त दिएका छन् । त्यस्तै लुम्बिनीमा १८ पदको लागि ४सय ३१, कर्णालीमा १० पदको लागि ४ सय ३१, सुदूरपश्चिममा ९ पदको लागि ५ सय १६ जनाले दर्खास्त दिएका छन् ।

अनिवार्य सामाजिकमा ५३ पदमा ७ हजार ६ सय ४६ जनाले आवेदन दिएका छन् । कोसीमा ११ पदको लागि १ हजार ६ सय ८९, मधेसमा ७ पदको लागि ९ सय ४१, वाग्मतीमा १० पदको लागि १ हजार ४ सय १३, गण्डकीमा १६ पदको लागि १ हजार ८ सय ८७ जनाले प्रतिस्पर्धा गर्दै छन् । लुम्बिनीमा ४ पदको लागि ७ सय १८ जना, कर्णालीमा ५ पदको लागि ९ सय ९८ जनाले प्रतिस्पर्धा गर्ने भएका छन् ।

अर्थशास्त्रमा ७ पदको लागि विज्ञापन भएकोमा ३ सय ७३ जनाले दर्खास्त दिएका छन् । संस्कृतिमा ३ पदको विज्ञापन भएकोमा २५ जना, कार्यालय सञ्चालन तथा लेखामा १५ पदको लागि विज्ञापन भएकोमा १ हजार ८ सय ८७ जनाले दर्खास्त दिएका छन् । कम्प्युटरमा ३ पदमा विज्ञापन भएकोमा २ सय २१ ले प्रतिस्पर्धा गर्ने भएका छन् ।

## मनोरञ्जन र खेलकुद समाचार

# फिल्म 'काँडेतार'ले शहीद गौतमको परिवारलाई आर्थिक सहयोग



**काठमाडौं** । शहीद गोविन्द गौतमको घर कञ्चनपुरको पुनर्वास पुगेर फिल्म 'काँडेतार'ले उनको परिवारलाई आर्थिक सहयोग प्रदान गरेको छ । फिल्मको च्यारिटी प्रदर्शनबाट संकलित रकमबाट ५० हजार रुपैयाँ शहीद गौतमको परिवारलाई प्रदान गरिएको निर्माता तथा निर्देशक नवल खड्काले जानकारी दिए ।

केही दिनअघि गौतमको पुनर्वासस्थित घरमा पुगेको फिल्मको युनिटले उनका बाबुआमालाई भेटेर सहयोगी हात बढाएको हो । भारतीय सीमा सुरक्षा बल (एसएसबी)को गोली लागेर २०७३ फागुन २६ गते सीमा विवादमा भएको झडपमा उनको मृत्यु भएको थियो । यसअघि पनि गौतमको परिवारलाई फिल्म युनिटले २६ हजार रुपैयाँ सहयोग गरेको थियो । फिल्म 'काँडेतार'ले भारतले नेपाली सीमा अतिक्रमण गर`को कथावस्तु उठाइएको छ । यो राष्ट्रवादी सन्देश बोकेको फिल्मले शहीद गौतमका सपना पूरा गर्न भूमिका खेल्ने आशा निर्देशक खड्काले व्यक्त गरेका छन् ।

यो फिल्म फागुन २५ गते देशव्यापी रिलिज हुँदैछ ।

हलमा लाग्नुअघि यो फिल्मको देशव्यापी च्यारिटी प्रदर्शनका लागि खड्का लगायतको टोली देश दौडाहामा निस्किएको छ । खड्काले यसअघि राष्ट्रप्रेममै आधारित भीमदत्त, दशगजा, आवाज जस्ता फिल्म निर्माण गरिसकेका छन् ।

# साफ च्याम्पियनशिप : नेपालले भूटानलाई हरायो



**काठमाडौं (रासस)**, २१ माघ : दक्षिण एसियाली फुटबल महासङ्घ (साफ) यू-१९ महिला च्याम्पियनसिपअन्तर्गत आइतबार भएको खेलमा नेपाल भुटानलाई पराजित गर्दै विजयी भएको छ ।

बङ्गलादेशको ढाकास्थित बिएसएसएस मोस्ताफा कमल रङ्गशालामा भएको खेलमा नेपालले भूटानमाथि १-० गोलको जित निकालेको हो । यस जितसँगै नेपालले प्रतियोगितामा शीर्ष तीन अङ्क जोडेको छ ।

नेपालको जितमा सेनु परियारले गोल गरिन् । उनले खेलको ५४औं मिनेटमा गरेको एक गोल नै नेपालका लागि निर्णायक गोल साबित भयो । यसअघि भएको पहिलो खेलमा आयोजक बङ्गलादेशसँग नेपाल ३-१ गोलअन्तर ले पराजित भएको थियो । यता भूटान भने पहिलो खेलमा भारतसँग पराजित भएको थियो ।

नेपाल, बङ्गलादेश, भूटान र भारत सहभागी उक्त प्रतियोगितामा अङ्क तालिकाको शीर्ष दुई टोली फाइनलमा पुग्नेछन् । नेपालले आफ्नो तेस्रो खेल यही माघ २३ गते भारतसँग खेल्नेछ ।

# विश्वविद्यालय खेलकुदको ट्रफी तथा लोगो सार्वजनिक



**काठमाडौं (रासस)**, २१ माघ : राष्ट्रिय खेलकुद परिषद् (राखेप) को आयोजनामा हुने प्रथम विश्वविद्यालय खेलकुद प्रतियोगिताको लोगो तथा रनिङ ट्रफी आज सार्वजनिक गरिएको छ ।

प्रतियोगितासम्बन्धी जानकारी गराउन आज यहाँ आयोजित पत्रकार सम्मेलनमा राखेपका उपाध्यक्ष एवं प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन कार्यदलका संयोजक शिव कोइरालाले प्रतियोगिताको लोगो र रनिङ ट्रफी सार्वजनिक गर्नुभएको हो । प्रतियोगिता सोमबारदेखि सुरु हुँदैछ ।

प्रतियोगितामा एथलेटिक्स, भलिबल, टेबलटेनिस र ब्याडमिन्टन गरी चार खेलको प्रतिस्पर्धा हुनेछ । भलिबलमा छात्र टोलीको मात्र सहभागिता रहनेछ । एथलेटिक्स त्रिपुरेश्वरस्थित दशरथ रङ्गशाला, ब्याटमिन्टन त्रिपुरेश्वरस्थित राखेपको कभर्डहल, टेबलटेनिस लैनचौरस्थित राष्ट्रिय टेबलटेनिस प्रशिक्षण केन्द्र र भलिबल जावलाखेलस्थित राष्ट्रिय खेलकुद प्रशिक्षण केन्द्रमा खेलाइने छ ।

प्रतियोगितामा १० विश्वविद्यालयका दुई सय ८० खेलाडी सहभागी हुनेछन् । एथलेटिक्समा १२, भलिबलमा एक तथा टेबलटेनिस र ब्याटमिन्टनमा समान पाँच-पाँच गरी जम्मा २३ स्वर्ण पदकका लागि प्रतिस्पर्धा हुनेछ । दुईदिने उक्त प्रतियोगिता सञ्चालन गर्न करिब रु ४० लाख खर्च लाग्ने खेलकुद प्रतियोगिता तथा योजना विभागका प्रमुख मीनकुमार शर्माले जानकारी दिनुभयो ।



# गरुडा नपाकी उपमेयरसहितको समूहले ६ बुदा मागसहित एक महिनादेखि कार्यालयमा तालाबन्दी



**रन्धिर साह । माघ, २१ ।**
रौतहट । रौतहट गरुडा नगरपालिका ८औं अधिवेशन देखि बिबादास्पद रहेको छ । बितेको पुस १८ गतेदेखि कार्यालयमा तालाबन्दी एवम् धर्ना जारी रहेको छ। करिब १ महिनादेखि बिभिन्न मांग राख्दै गरुडा नगर कार्यापालिकाको कार्यालयमा नगर पालिकाकी नगर उपप्रमुख पुनम चौधरी र वडा अध्यक्षहरु तथा कार्यपालिका सदस्यहरु सहित बहुमत सदस्यहरुले तालाबन्दी गरि धर्नामा बसेका छन्। नगर प्रमुख आफुहरुको माग प्रति गैर जिम्मेवार रहेको नगर उपप्रमुख चौधरीले आरोप लगाउदै धर्नामा बसेकी हुन्। सो धर्ना र तालाबन्दीका कारण नगरपालिकाका कर्मचारीहरुदेखि स्थानीयहरु समेत प्रभावित बनेका छन् । दैनिक रूपमा हुने सबै काम काज करिब एक महिनादेखि थप रहेको र धेरै दिनदेखि कर्मचारीहरु तलब खान न सकेको बताउँछन् ।

रौतहटको गरुडा नगरपालिकामा करिब दुई सप्ताहदेखि ताल्चा लागेका कारण स्थानीयहरुलाइ सेवामा समस्या भएका छन् । फरक फरक दलबाट विजय भएका गरुडा नगरपालिकाका मेयर कन्थमनिप्रसाद कलवार र उप प्रमुख पुनमकुमारी चौधरीबीचको विवादका कारण स्थानीयहरुले नपाबाट सेवा प्रवाह न हुँदा समस्या खेप्नुपरेको हो । दुवैजना एक अर्काविरूद्व सार्वजनिक रूपमा आरोप-प्रत्यारोपमा उत्रिएका छन् । मेयर जैसवाल र उपमेयर चौधरीले भ्रष्टाचार र अनियमितताको आरोप लगाका छन् । उपमेयर चौधरीमाथि मनोमानी ढङ्गले चल्न खोजेको, कर्मचारीविरूद्ध अराजक तवरले प्रस्तुत हुने गरेको, विकास निर्माणका भुक्तानी रोकेको आरोप मेयर पक्षको छ ।

मेयर र उपमेयरबीचको विवादको घानमा आफूहरु परेको नगरपालिकाका कर्मचारीहरु बताउँछन् । जबकी एक वर्षअघि चुनावको समयमा उनीहरु एकजुट थिए । निर्वाचित भएपछि एकाएक फरक कित्तामा उभिएका हुन् । मेयर जैसवालले बहुमतकै आधारमा कार्यापालिकाबाट मनलाग्दो निर्णय गर्दैजाँदा उपमेयर चौधरी बिच्किएका हुन् ।

उपमेयर चौधरीले कर्मचारीहरूसँग अभद्र व्यवहार गरेर मेयरसँग असन्तुष्टि व्यक्त गर्दै आएको प्रमुख प्रशासकीय अधिकृत मो.मुस्ताक आलमले बताए । उपमेयरले निर्वाचन जितेदेखि नै कर्मचारीहरूमाथि उक्त आरोप लगाएर अभद्र व्यवहार गर्दै आएको विरोधमा कर्मचारीहरूले उनलाई व्यवहार सुधार्नुपर्ने चेतावनीसहित ज्ञापनपत्र बुझाएका थिए। हालसम्म नगरपालिका विवादहरुको समाधान भएको छैन । जिम्मेवार नेतृत्वहरुले पनि सो विवाद तिर ध्यान नदिएको स्थानीयहरुको गुनासो छ। बास्तबमा नगरपालिकामा कहिलेसम्म ताल्चा लागि रहने छन् । यो समाधान कहिले हुन्छ भन्ने प्रश्नहरुमा उल्झिएका छन् ।

जिल्ला प्रशासन कार्यालय रौतहटका प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मीले समेत दुवै समुहको विवादहरुलाई मेलमिलापको माध्यमबाट मिलाउन खोज्दा सहमति हुन सकेन । यी दुई पक्षका विवाद कारण पूरा नगरपालिका नै समस्या खेपिरहेका छन् । अझै कार्यालयमा तालाबन्दी नै छ ।

# उपनिर्वाचनका सम्बन्धमा उपप्रधानमन्त्री खड्कासँग निर्वाचन आयोगको छलफल



काठमाडौँ, २१ माघ : प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले रिक्त रहेका विभिन्न २५ पदमा हुने उपनिर्वाचनका सम्बन्धमा आइतबार उपप्रधानमन्त्री एवम् रक्षामन्त्री पूर्णबहादुर खड्कासँग छलफल गर्नुभएको छ ।

प्रमुख निर्वाचन आयुक्त थपलियाले आज सिंहदरबारस्थित रक्षामन्त्रालयमा उपप्रधानमन्त्री खड्कासँग हालै सम्पन्न राष्ट्रियसभा निर्वाचन र अब गर्नुपर्ने उपनिर्वाचनका विषयमा छलफल गर्नुभएको हो ।

प्रतिनिधिसभा र प्रदेशसभा सदस्य र रक्त स्थानिय तहको उपनिर्वाचनका लागि आयोगले सरकारसँग परामर्श गर्ने संवैधानिक व्यवस्था छ। आयोगले यसअघि आगामी वैशाखभित्र उपनिर्वाचन गर्न सक्ने भन्दै सरकारलाई सुझाव दिइसकेको छ ।

विभिन्न कारणले रिक्त रहेका ती पदमा आयोगले उपनिर्वाचन गराउन लागेको हो । निर्वाचन आयोगका अनुसार हाल प्रतिनिधिसभा र प्रदेशसभा सदस्यमा एक/एक पद रिक्त छन् । इलाम निर्वाचन क्षेत्र-२ बाट निर्वाचित नेकपा (एमाले)का सांसद सुवासचन्द्र नेम्वाङको गत भदौ २६ गते निधन भएको थियो भने सुदूरपश्चिम प्रदेश बझाङ निर्वाचन क्षेत्र नं १ प्रदेश १ बाट निर्वाचित नेपाली कांग्रेसका प्रदेशसभा सदस्य पृथ्वीबहादुर सिंहको सवारी दुर्घटनामा परी निधन भएपछि ती स्थानमा उपनिर्वाचन हुने भएको हो ।

आयोगका अनुसार हाल प्रतिनिधिसभा सदस्यमा एक, प्रदेशसभा सदस्यमा एक, जिल्ला समन्वय समिति प्रमुखमा दुई, नगर उपप्रमुखमा एक, गाउँपालिका अध्यक्षमा एक, गाउँपालिका उपाध्यक्षमा दुई र विभिन्न पालिकाका १७ वडा अध्यक्ष २५ रिक्त पद छन् । ती पदमा उपनिर्वाचनका लागि आयोगले उपप्रधानमन्त्री खड्कासँग आवश्यक छलफल गरेको उपप्रधानमन्त्री खड्काको सचिवालयले जनाएको छ ।




# काठमाडौंबाट आउँदै गरेको सुमोमा सवार चौधरीको मृत्यु



रौतहट । काठमाडौंबाट हेटौंडातर्फ आउँदै गरेको सुमोमा सवार एक यात्रुको मृत्यु भएको छ। मृत्यु हुनेमा बाराकोल्वी नगर पालिका वडा नम्बर ६ पर्सौना निवासी ६० बर्षीय द्वारिका चौधरी रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ । प्रहरीका अनुसार, शनिबार काठमाडौंबाट हेटौंडा हुँदै बारा जानको लागि आउँदै गरेको ना.१ ज ७९५८ नम्बरको सुमोमा चौधरी सवार थिए । मकवानपुरको भीमफेदी गाउँपालिका वडा नम्बर ६ चिसापानी गढीमा रोकेपछि खाजा खान होटलतर्फ जाने क्रममा उनी बेहोस भएर लडेका थिए। उनको तत्काल उद्धार गरी स्थानीय मेडिकलमा सामान्य उपचार पश्चात थप उपचारको लागि सोही सुमोमा राखेर हेटौंडा अस्पतालमा ल्याइएकोमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । अहिले सो शवलाई हेटौंडा अस्पतालमा राखिएको हो । सो घटना बारे थप अनुसन्धान भइ रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

## अन्तर्राष्ट्रिय समाचार

# पूर्वी युक्रेनमा भएको आक्रमणमा मृत्यु हुनेको सत्या २८ पुग्यो : रुसी उद्धारकर्ता



**मस्को, २१ माघ (रासस/एएफपी)**
युक्रेनको पूर्वी शहर लिसिचान्स्कस्थित एक बेकरीमा भएको आक्रमणमा परी मृत्यु हुनेको सङ्ख्या २८ पुगेको रूसी उद्धारकर्ताले आइतबार बताएका छन् । आक्रमणमा एक बालककोपनि मृत्यु भएको थियो ।

कब्जापछि उक्त क्षेत्रलाई हेर्दै आएको मस्कोको सेनाले शनिबार भनेको छ, “रूसले युक्रेनविरुद्ध आक्रमण गरेको लगभग दुई वर्षपछि पुग्नै लाग्दा गत साताको अन्त्यमा युक्रेनले बेकरीलाई निशाना बनाएको थियो ।

पूर्वी युक्रेनको मोर्चा केही महिनायता मुस्किलले अघि बढेको छ तर युद्ध अझै रक्तपातपूर्ण छ र पछिल्ला हप्ताहरूमा दुवै पक्षबाट आक्रमण तीव्र भएको छ ।

“बेकरीस्थलमा खोजी कार्य जारी छ । एक बच्चासहित २८ जनाको मृत्यु भएको पुष्टि भएको छ,” रूसी आपतकालीन व्यवस्था मन्त्रालयले टेलिग्राममा भनेको छ ।

उद्धारकर्ताले अहिलेसम्म १० जनालाई भग्नावशेषबाट बचाइसकेको मन्त्रालयले जनाएको छ ।

मन्त्रालयले यसअघि आपतकालीन कर्मचारीले अँध्यारोमा भग्नावशेष खोतल्दै गरेको भिडियो सार्वजनिक गरेको थियो । उक्त स्थानबाट उद्धार कर्ताहरूले एक मृतक र एक घाइते महिलालाई स्ट्रेचरमा राखेर बाहिर निकालिएको देखेका थिए ।

मस्कोस्थित अधिकारीहरूले एक जना घाइतेको अवस्था गम्भीर रहेको र उनलाई लुगान्स्क शहरको एक अस्पतालमा लगिएको बताएका छन् ।

रुसको विदेश मन्त्रालयले आक्रमणमा पश्चिमा हतियारको प्रयोग भएको र अन्तर्राष्ट्रिय सङ्गठनबाट यस घटनाको ‘तत्काल निन्दा’ हुने अपेक्षा गरिएको जनाएको छ ।

मस्कोको आक्रमणअघि करिब एक लाख १० हजार जनसङ्ख्या भएको लुगान्स्क क्षेत्रको एक शहर लिसिचान्स्क सन् २०२२ को ग्रीष्मऋतुमा भएको व्यापक युद्धपछि रूसी सेनाको कब्जामा परेको थियो ।

# श्रीलङ्काले ७६औँ स्वतन्त्रता दिवस मनाउँदै




**कोलम्बो, २१ माघ (रासस/सिन्ह्वा)**
श्रीलङ्काले आइतबार आफ्नो ७६ औं स्वतन्त्रता दिवस सैन्य परेडकस साथ मनाएको छ। राष्ट्रपति रनिल विक्रमासिङ्घेले आफ्नो स्वतन्त्रता दिवसको सन्देशमा देश र विदेशमा रहेका सम्पूर्ण श्रीलङ्कालीहरूलाई देशको पुनर्निर्माणमा आफ्नो पूर्ण ऊर्जा लगाउन आह्वान गर्नुभएको छ ।

विक्रमासिङ्घेले थुप्रै अवरोध र चुनौतीका बाबजुद पनि सरकारले अर्थतन्त्रलाई स्थायित्वतर्फ लैजान लागेको बताउनु भएको छ ।

व्यापक, दीर्घकालीन राष्ट्रिय पुनर्निर्माण कार्यक्रमलाई ध्यानमा राख्दै कठिनाइहरू सहने नागरिकहरूको अटल समर्थनका कारण श्रीलङ्काले चुनौतीहरूलाई क्रमशः पार गरिरहेको उहाँको भनाइ छ।

उहाँले वर्तमान आर्थिक पुनरुत्थान र समृद्धिको बाटोमा लागिरहन पनि जनतालाई आग्रह गर्नु बएको छ ।

यसैबीच, सो अवसरमा सात सय ५४ कैदीले राष्ट्रपतिबाट विशेष माफी पाएका छन् ।

